# हाम्रो अनुरोध

**आदरणिय अविभावक तथा शिक्षक साथीहरु !**

बालबालिकाहरु समक्ष हामीले नेपाली नैतिक ज्ञानदर्शन र नेपाली अक्षरमाला तह एकका पाठ्यपुस्तकहरु लिएर आएका छौ । हामीले यि पुस्तकहरु हालको बिषम परिस्थितीमा झनै उपयोगी हुने छन भन्ने आषा समेत लिएका छौ । सुरुमा बालबालिकाहरुलाई नेपाली नैतिक ज्ञानदर्शनको प्रशिक्षण गराउँदा पुस्तकमा दिईएका निर्देशनहरु राम्ररी अध्ययन गर्नु होला र सोही अनुसार बालबालिकाहरुलाई गराउनु होला साथै हरेक दिन नेपालमा रहेका हजुरबा हजुरआमासंग सम्पर्क गराई कथाहरु सुन्ने, लेख्ने अभ्यास गराउनु होला । जसकोलागी पुस्तकको अन्तमा केही नमूना कथाहरु दिईएका छन । नेपाली अक्षरमाला बालबालिकाहरुलाई नेपाली भाषा सिकाउने अभ्यास पुस्तिका हो । जसको अभ्यास पछि बिस्तारै बालबालिकाहरुले नेपाली नैतिक ज्ञानदर्शनका पाठहरु आफै पढ्न सक्ने छन ।

यि पुस्तकहरुको शिक्षण सिकाई क्रियाकलाप गराउँदा तपाईहरुले त्यस हप्तासंग सम्बन्धित चाडपर्व वा अन्य नेपाली बिशेष किसिमका पर्वहरुलाई Theme को रुपमा लिई Themetic योजना बनाउनु होला । यि दुबै पुस्तकमा समाबेश गरिएका बिषयबस्तुहरु नमूनाको रुपमा मात्र राखिका हुन । तपाई स्वयमले यस्तै चित्रकथाहरु, हजुरबा हजुरआमाका कथाहरु संकलन गरि वा बालबालिकालाई संकलन गर्न लगाई अभ्यास गराउनु होला । साथै नयाँ नयाँ परियोजनाहरु दिई बालबालिकालाई सक्रिय सिकाईमा सहभागि गराउनुहोला । जसकोलागि दुईघण्टाको एउटा दैनिक नमूना योजना तल दिइएको छ ।

**धन्यवाद**
**भोज बलायर (लेखक)**
**तथा सम्पुर्ण**
**एनआरए, अमेरीका परिवार**

## दैनिक अध्यापनको नमूना योजना

**नेपाली भाषा तथा नैतिक ज्ञान**
**समय- २ घण्टा**

**क्रियाकलाप १ः- ( १० मिनेट)- नेपाली नैतिक ज्ञानदर्शनको उपयोग गर्नुहोला**
- गणेश र सरस्वतीको बन्दना
- नेपाली र अमेरीकन राष्ट्रीय गीत
- मेरो सपथ (सपथ लिने)
- समूह बिभाजन र आजको नेता चयन

**क्रियाकलाप २ः- ( १५ मिनेट)- नेपाली नैतिक ज्ञानदर्शनको उपयोग गर्नुहोला**
- Themetic छलफल ( कुनै नेपाली चाडवाड परेको समय जस्तै दशैं तिहार, होली, शिवरात्री, बुध्दपुर्णिमा ईत्यादी को कथा जीवनी)
- आजको नैतीक ज्ञानको सन्देश (कुनै नैतिक कथाहरु)

**क्रियाकलाप ३ः- ( १० मिनेट)- नेपाली नैतिक ज्ञानदर्शनको उपयोग गर्नुहोला**
- ध्यानको समय

**क्रियाकलाप ४ः- ( १५ मिनेट)ः नेपाली नैतिक ज्ञानदर्शनको उपयोग गर्नुहोला**
- हाम्रा पौराणिक कथाहरु (हजुर बा हजुर आमाबाट सुनेका कथाहरु बालबालिकाबाट सुनाउने- कुनै दुई जनाबाट)
- कथाको सिकाई र सारांश

**क्रियाकलाप ५ः- ( ४० मिनेट)- नेपाली अक्षरमालाको उपयोग गर्नुहोला**
- मेरो अक्षर लेखन (क ख अभ्यास ) र पढाई (नेपाली कथा, बालगीत)

**क्रियाकलाप ६ः- ( १० मिनेट)**
- गत हप्ताको परियोजना कार्यमा छलफल
- अर्को हप्ताको परियोजना कार्यमा छलफल **(नेपाली नैतिक ज्ञानदर्शन)**

**क्रियाकलाप ७ः- (२० मिनेट)  खाजा वा खाना र सरसफाई**